# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
## National Natural Resources and Fiscal Commission

प. स:

च. नं. / Ref:


## प्रेस विज्ञप्ति

मिति २०७७ फागुन २ गते आईतबारका दिन गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यू समक्ष राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका माननीय सदस्य श्री जुद्ध बहादुर गुरुङज्यूले गण्डकी प्रदेशसँग सम्बन्धित आयोगको दोस्रो बार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो। उक्त प्रतिवेदनमा संघीय सरकारबाट गण्डकी प्रदेश र अन्तर्गतका स्थानीय तहहरु तथा प्रदेश सरकारबाट भएका राजस्व बाँडफाँड, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड, सवारी साधन कर बाँडफाँड तथा प्रदेश र स्थानीय सरकारलाई आन्तरिक ऋणको सीमा सम्वन्धमा गरिएका सिफारिसहरू समावेश गरिएका छन्।

उक्त अवसरमा माननीय प्रदेश प्रमुखज्यूले आयोगलाई धन्यवाद व्यक्त गर्नुभयो ।साथै नेपाल प्राकृतिक स्रोतमा निकै धनी रहेको र यी स्रोतहरुको पर्याप्त परिचालन गर्न सकेमा राज्य समृद्ध बन्ने कुरामा जोड दिनुहुँदै प्रतिवेदन मा उल्लिखित कुराहरु कार्यान्वयनमा ध्यान दिने तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमार्फत् प्रदेशसभामा पेस गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सो अवसरमा आयोगका माननीय सदस्यज्यूले प्रतिवेदनको संक्षिप्त प्रस्तुतीकरण गर्दै आगामी दिनमा परस्पर सहयोगमा आधारित सङ्घीयताको अवधारणा अनुसार सबैसँग सहकार्य र समन्वय गर्दै अगाडी बढ्न सकेमा सङ्घीयता कार्यान्वयनमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो।

२०७७।११।४

फागुन ४, २०७७

(कृष्ण बहादुर वोहरा )

प्रवक्ता


सिंहदरवार, काठमाडौं, नेपाल, फोन नं. + ९७७-१-४२००५९२, फ्याक्स: + ९७७-१-४२००५९३

Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593

E-mail: info@nnrfc.gov.np, Website: www.nnrfc.gov.np